# नेपाल जन प्रशासन संघ
## Public Administration Association of Nepal (PAAN)

# "हेमबहादुर मल्ल सम्मान"

## प्रदान गर्न आयोजित विशेष समारोहमा
## सम्मानित व्यक्तित्व
## श्री गोरक्ष बहादुर न्हुच्छे प्रधानले
## दिनु भएको मन्तव्य

प्रायोजक

**साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड**

काठमाडौं, नेपाल ।
श्रावण ३, २०८०

# नेपाल जन प्रशासन संघ
## Public Administration Association of Nepal (PAAN)

## २०७८ साल पौषमा निर्वाचित कार्यसमिति

अध्यक्ष
**श्री कृष्णहरि बास्कोटा**

उपाध्यक्ष
**प्रा. श्री यशोदा कुमारी काफ्ले**

महासचिव
**श्री मुकुन्द निरौला**

सचिव
**श्री सुभाष शर्मा**

कोषाध्यक्ष
**श्री दिलिपराज पौडेल**

सदस्यहरु

डा. हिरामणि घिमिरे (आईपीपी)
प्रा. श्री चुडाराज उप्रेती (संस्थागत सदस्य)
श्री विष्णुराज पौडेल
श्री भिमध्वज श्रेष्ठ
श्री ईश्वरी प्रसाद घिमिरे
प्रा. डा. श्री सावित्री अर्याल
श्री चुडामणी देवकोटा
श्री शरद विक्रम राणा
श्री शान्ति लक्ष्मी शाक्य
डा. श्री गोविन्द तामाङ्ग

# के नेतृत्व परिवर्तन आजको आवश्यकता हो ?

लेखक तथा प्रस्तुतकर्ता

**गोरक्ष बहादुर न्हुछे प्रधान**

नेपाल सरकारका पूर्वसचिव

प्रकाशक तथा कार्यक्रम आयोजक

नेपाल जनप्रशासन संघ (पान)

# के नेतृत्व परिवर्तन आजको आवश्यकता हो ?

**- गोरक्ष बहादुर न्हुछे प्रधान**

संसार परिवर्तनशील छ र यो परिवर्तनको रफ्तार हरेक क्षेत्रमा क्रमश: अगाडी बढदै छ । यसैक्रममा जनताबाट आएका प्रतिनिधिहरुको उमेरलाई लिएर नेपालमा पनि राजनैतिक नेतृत्व परिवर्तनको बिषयमा प्रश्नहरु उठनु अस्वभाविक मान्न सकिदैन । खास गरेर विगत तीन दशक देखि असल नेतृत्वको आवश्यकता छ भन्ने बिषयमा छलफल चलिरहेको देखिन्छ । खासगरेर नयाँ पुस्ताबाट यसमा चर्को आवाज उठिरहेको अवस्थामा यस विषयमा गम्भीर भएर छलफल गरी राजनैतिक नेतृत्व परिवर्तनबारे निरुपन गरी अग्रकदम उठाउनुपर्ने आवश्यकता देखिन्छ ।

जनताबाट चुनिएर आएका प्रतिनिधिहरु मध्यबाट राज्यको वाग्डोर सम्हाल्न आएका राजनैतिक नेतृत्वले अत्यन्त महत्वपुर्ण एवम उत्तरदायी भुमिका निभाउन पर्ने कुरा निर्विवाद छ । देशलाई सुशासनको प्रत्याभुति दिई देशलाई विकासको अग्रगति प्रदान गर्नुमा उक्त नेतृत्वको कार्यक्षमता, दुरदर्शिता (vision) नैतिकता, इमान्दारीता, निश्पक्षता, योग्यता र जनसाधारणको मानसिकतामा पर्ने प्रभाव र जनसमर्थन हासिल गर्ने क्षमता नै नेतृत्वको प्रभावको घडी हो । तसर्थ, पहिलो कुरा, नेतृत्व भनेकै वास्तवमा प्रभाव हो जसले जनतामा विश्वास, समर्थन, आशा र भरोसा जगाई दिन्छ । जब नेतृत्वले यी कुराहरु प्रदान गर्न सक्दैन, त्यो नेतृत्वबाट जनता टाढिएर जान्छ । जनसहयोग, जनविश्वास जस्ता राष्ट्र उत्थानको लागि आवश्यक स्तम्भहरु ढल्दै जाने प्रकृयाहरु सुरु हुदै जान्छ । तसर्थ यस्तो स्थिती आउन नदिन राजनैतिक नेतृत्वले आफ्नो परम्परागत मानसिकतामा समेत परिवर्तन गरी, नयाँ सोच र नयाँ स्फूर्तिका साथ समयमै चनाखो भई हर समय जनतालाई प्रेरणादायी प्रभावमा राख्ने क्षमताको विकास गर्दै लैजानु पर्दछ । जसबाट जनसमर्थन, जनविश्वास जनअपेक्षा र जनआस्था निरन्तर प्राप्त हुनसकोस ।

दोश्रो कुरा, जनताको उत्साह जनताको सहयोग र समर्थनलाई आत्मासात गर्ने नसके सम्म देश विकासको कार्य सफलताका साथ सञ्चालन गर्न कठिन हुनेहुदाँ नेतृत्वले हरहमेसा जनअकांक्षा र आवश्यकतालाई प्राथमिकतामा राखी विकासका कार्यहरुलाई अग्रगति प्रदान गर्नुपर्ने हुन्छ ।

तेश्रो कुरा, नेतृत्व भनेको राजनैतिक नेतृत्वमा मात्र होइन प्रत्येक निकाय, प्रत्येक संगठनमा लागु हुने कुरा हो । चाहे त्यो राजनितिक दलहरु, चाहे प्रशासनिक, चाहे अन्य कुनै संगठनमा किन नहोस यसमा नेतृत्वको सार्न्दभिकता रहिनै रहन्छ ।

चौथो कुरा, नेतृत्वको विकास आफैमा चुनौतीपुर्ण छ । यो कतिपय संघर्ष वलिदान र अनुभवको आधारमा क्षमनाको तत्व पनि हो ।

पाँचौं कुरा, नेतृत्व भनेको जो कसैले पनि प्रदान गर्ने सक्ने कुरा होइन । यो स्पष्ट धारणा, स्पष्ट बोली, अरुको भावना र मर्म तत्काल बुझ्न सक्ने र जनआस्था, विश्वासका साथ आफैलाई परिचालन गर्ने सीप, जनहृदयमा आफ्नो अमिट छाप पार्न सक्ने र सबैको सहयोग र स्नेह प्राप्त गर्न सक्ने क्षमताको साथ आफ्नो बुद्धि र विवेकद्वारा सबैलाई प्रभावित गर्ने व्यक्तिले नै नेतृत्वको जिम्मेवारी सम्हाल्न सक्ने हुन्छ । नेतृत्वले आफुलाई अरुले कसरी व्यवहार गर्छ, कसरी मर्यादा दिन्छ, कसरी विचार व्यक्त गर्दछ सोही अनुसार अरुलाई पनि गर्ने सदव्यवहार, मर्यादा र स्नेह दिन जान्नु पर्दछ ।

मुख्य कुरा, नेतृत्व भनेको अरुमाथि पार्ने प्रभाव हो । हामीले पनि पढेको सुनेकाछौं कि वेलायतका प्रधानमन्त्री विनस्टन चर्चिल (Winston Churchill) अमेरिकी राष्ट्रपति रोनाल्ड रेगन (Ronald Reagan) ले कसरी जनतालाई उत्साहित गर्थे, प्रेरणा दिन्थे भने अर्थात तपाईको बोली, तपाईको दृष्टिकोण तथा तपाईको हाउभाउ आदीबाट जनताले तपाईको प्रभावको मुल्याँकन गर्दछ ।

अग्रेजीमा नेतृत्वको विषयमा एउटा वाक्य सम्झना आउँछ त्यो “Leadership is the person you are and the influence you have upon people you come into contact with” नेतृत्व त्यस्तो विचार Jim Colliens ले आफ्नो पुस्तक “Good to Great” मा लेखेका छन् कि ठुला नेताहरुमा दुईवटा विशेषताहरु पाइन्छ । First was humility described as other focused on their people and not on them the second quality is a strong professional will to do the right thing for their people and for their organization. He further says that “when it is time to appreciate, honor and value people, they (leaders) are first in line. When it is time for their teams to perform, they demand excellence and have little tolerance for mediocrity.”

यसै सन्दर्भमा, नयाँ पुस्ताले पनि देशको शासनभार ग्रहण गर्ने तयार हुदै जानुपर्छ भन्ने भनाईको सन्र्दभमा एकदुई कुराको सम्झना आउँछ । प्रथमतः यदि नयाँ पुस्ताले आफ्नो योग्यता, अनुभव र लोकप्रियता, दक्षताको र खुवीको प्रदर्शन गर्दै जनतामा प्रभाव पारेका छन् भने यिनीहरुलाई देशको शासन प्रणलीमा सरीक गराउदै जाने र पछि यिनीहरुले अग्रणी स्थान लिदै जाने विषयमा मेरो विमती छैन । तर ती नयाँ पुस्तामा नाम चलेका मध्ये नेताहरुको गुणहरु जस्तै, आत्मसंयम, इमान्दारीता,

प्रतिबद्दता, संकल्प, कृतज्ञता तथा जनतालाई प्रभावित पार्न सक्ने सिप, नेतृत्वको गुण भएका नयाँ पुस्तालाई समर्थन, सहयोग गर्दै जानुपर्दछ । नयाँ पुस्ताले देश विकासको गतिलाई तिव्र पार्दै देशलाई आर्थिक सम्बृद्धि तिर लैजान्छ भने यसमा कुनै आपती जनाउन पर्ने कुरै छैन । हुनपनि आजभन्दा करिब दुई/अढाई सय बर्ष अघि वेलायत जस्तो देशमा २४/२५ बर्षको ठिटो pitt the younger ले वेलायतको प्रधानमन्त्री भएका थिए । नेपालमा पनि २००७ सालको क्रान्ति पछि बनेको राण- नेपाली काँग्रसको संयुक्त मन्त्री परिषदमा नेपाली काँग्रसको तर्फबाट २१/२२ बर्षको ठिटो भरतमणि शर्मा खाद्य मन्त्री भएका थिए ।

तसर्थ, हाम्रा पनि शिक्षीत, लायक, योग्य युवक युवतीहरु पनि देशको शासन प्रणालीमा नेतृत्व प्रदान गरी देशलाई सुशासन, सम्बृद्धि र प्रगतीको मार्गमा लैजान्छन् भने व्यक्तिगत तवरले यसमा मेरो कुनै आपती उठाउनु पर्ने आवश्कता ठान्दीन ।

अस्तु ।

## Bio Data

| | | |
|---|---|---|
| NAME | : | **GORAKSHA BAHADUR N. PRADHAN** |
| ADDRESS (Residence) | : | Lazimpat Ward 2, Kathmandu, Nepal<br>Tel. No.: 4-14638. |
| PLACE OF BIRTH | : | Gorkha District, Gandaki Zone, Nepal. |
| DATE OF BIRTH | : | 7 June, 1928 |
| EDUCATIONAL QUALIFICATIONS | : | M.A. (Pol. Science) from the University of Lucknow, India, 1954<br>Diploma in Public Administration with credit from the Institute of Social Studies, the Hague the Netherlands, 1963. |
| TRAINING | : | Parliamentary Procedures (India).<br>Management Analysis Course (U.S.A.)<br>Inservice Training Specialist Course (U.S.A.)<br>Short Management and Public Administration<br>Training Programmes in the U.K. with the attachment in the British Treasury Office.<br>The Philippines, Israel. |

GOVERNMENT SERVICE:

| | | |
|---|---|---|
| From 1955 - 1959 | : | Lecturer in Patan College<br>Lecturer in Durbar College |
| From 1959 - 1966 | : | Under Sacretary in Parliament Secretariat, Public Administration Board and Department of Public Administration. |
| From 1966 - 1972 | : | Joint Secretary in Central Training Department, National Panchayat Secretariat and Ministry of Education. |
| From 1972 - 1975 | : | Member Secretary, National Planning Commission |

| | | |
|---|---|---|
| From 1975 - 1976 | : | Secretary, Prime Minister Secretariat |
| From 1977 - 1979 | : | Secretary, Ministry of Tourism |
| From 1979 - 1981 | : | Secretary, Ministry of Finance |
| From 1981 - 1991 | : | Retired from the Government of Nepal in May 1981 and appointed Executive Director of the Nepal Administrative Staff College in December 1981. |
| From 199 1- 1994 | : | Chairman, Administrative Reform Monitory Committee at the Prime Minister's Office, Nepal Government. |

PARTICIPATION IN INTERNATIONAL MEETINGS AND SEMINARS :

1. Led the Nepalese delegation to the ECAFE meeting, (Nov. ESCAP) Colombo in 1974.
2. Led the Nepalese delegation to the 2nd and 3rd General Assembly Meetings of World Tourism Organisation in Spain in 1977 and 1979.
3. As Chairman of the World Tourism Organisation Commission for South Asia, presided over regional meetings in Pakistan, Iran, India, Nepal, Spain from 1977 to 1979.
4. Appointed as the Secretary-General to the 26th Consultative committee Meeting of the Colombo Plan held in Kathmandu in 1978.
5. Attended the World Bank Meeting in 1980 as Alternate Governor from Nepal.
6. Represented Nepal in the Meeting of the Principals of Staff Colleges in Melbourne, Australia in 1984.
7. Attended eleventh EROPA General Assembly and Conference in Bangkok, Thailand in 1985.

: 8. Participated in the high level Meeting at Director's level on Role of Staff Colleges and Institutes of Public Administration in Senior Management Training in Lahore, Pakistan in 1987.

: 9. Attended the Executive Board Meeting of Association of Manament Development Institution in South Asia (AMDISA) in New Delhi in 1989 as the Founding Vice-President of AMDISA and became the President of AMDISA from 1991-1994.

STUDY VISITS AND TOURS : U.S.A., U.K., Israel, Philippines, Thailand, Japan, Republic of Korea, Malaysia, Singapore, Indonesia, U.S.S.R., France, Switzerland, Italy, Portugal, India, Pakistan, Bangladesh.

PUBLICATIONS : Articles on Nepalese Planning, Tourism, Training, Management and Administration and also a Book on Public Administration and Management by him in 2007 A.D.

Reflection on Nepalese Public Administration and Management (Book Published in 2064 B.S.) (August 2007 A.D.)) in Nepal. Recorded in US Library of Congress Catalog No. 20073414479

Short biodata published in Nepal's Who Is Who, Reference Asia (Indian Publication), five thousand personality of the world (USA)

OTHERS : Chairman, Nepal Bank Ltd., from 1979 - 1980
Member, Board of Directors, Nepal Rastra Bank from 1980 - 1981.

DECORATIONS : Decorated with Gorakha Daxina Babu (First Class), Nepal

Decoratd with Trisakti Patta (Second Class), Nepal

नेपाल जन प्रशासन संघ
Public Administration Association of Nepal (PAAN)

Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal
Email : paan.kathmandu@gmail.com
info@paan.org.np
website : www.paan.org.np